बैठक संख्या -४२

आज मिति २०७७।०९।०१ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned by CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ बालुवा लिलामको विक्री गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ एम्बुलेन्स सन्चालन कोषमा रकम विनियोजन (रकमान्तर) गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ कोभिड अस्पतालमा सेवा करार सेवामा मेडिकल अधिकृत राख्ने र निजलाई उपलब्ध गराउने जोखिम भत्ता सम्बन्धमा ।

प्रस्ताव नं ४ औषधि खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ५ software रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ कर्मचारी माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ बाटो सफाई गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ काभ्रे खोला बहुवर्षे झोलुङ्गे पुलको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० विधालय पुनः सन्चालन सम्बन्धी विवरण पठाउने सम्बन्धमा

प्रस्ताव नं.११. विद्यालयमा पठन पाठन सन्चालन सम्बन्धमा ।

प्रस्ताव नं.१२. शशर्त कार्यक्रम सन्चालन सम्बन्धमा

प्रस्ताव नं. १३. दिवा खाजा सम्बन्धमा शशर्त

प्रस्ताव नं १४.दरबन्दि मिलान सम्बन्धमा

प्रस्ताव नं. १५.स्मार्ट टि.भि, ल्यापटप,नेट सहितको कक्षा सन्चालन, सि.सि क्यामरा जडान सम्बधमा ।

प्रस्ताव नं १६. मिनि फनपार्क निर्माण सम्बन्धमा विद्यालय छनौट सम्बन्धी ।

प्रस्ताव नं. १७. लेखाप्रणालि व्यवस्थापन सम्बन्धी सफ्टवेयर जडानको लागि विद्यालय छनौट र कार्यसञ्चालन सम्बन्धमा ।

प्रस्ताव नं. १८. एक विद्यालय एक थर्मलगन , विद्यालाइ डिसइन्फेक्सन सोलुसन र स्प्रे पम्प, विद्यालयलाई डिस्पेन्सर वितरण सम्वन्धमा ।

प्रस्ताव नं १९ घ वर्गको इजाजत पत्र सम्बन्धमा ।

प्रस्ताव नं. २० विभिन्न मितिमा खरीद भएका पाइपको भुक्तानी सम्बधमा ।

Scanned by CamScanner

निर्णयहरु

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा यस गाउँपालिका अर्न्तगत वडा नं. १ र २ को विभिन्न ठाउँमा त्रिशुली नदी किनारबाट अनाधिकृत रुपमा बालुवा उत्खनन गरी जम्मा गरीएको बालुवा लिलाम विक्री गर्ने विषयमा, प्रदेश सरकारबाट खोलाबाट नदिजन्य पदार्थ उत्खनन गर्दा प्रति घनफिट रु. ९ का दरले असुल गरिनु पर्ने र यस गाउँपालिकाबाट नदिजन्य पदार्थ (बालुवा) निकासी गर्न प्रति घनफिट रु. ६ निकासी कर गरी प्रति घनफिट जम्मा १५ रुपैयाँमा लिलाम विक्री गर्नु पर्नेमा, पटक पटकको लिलाम विक्रीको सूचना प्रकाशन गर्दा पनि लिलाम हुन नसकी बाँकी रहेको बालुवा कसैबाट सकार नगरेको सन्दर्भमा, यस गाउँपालिकाबाट निकासी कर बापत लिईने प्रति घनफिट रु.६।०० कर रकम छुट दिई लगत स्टीमेट बमोजिम सूचना प्रकाशन गरी बरामद भएको बालुवा मध्ये दुई खण्डको बालुवा लिलाम विक्री भई बाँकी रहेको नदीजन्य पदार्थ (बालुवा) लिलाम बढाबढ प्रक्रियाबाट लिलाम विक्री गर्न पुन: ७ दिनको सुचना प्रकाशित प्रकाशन गरी प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं २** माथि छलफल गर्दा यस गाउँपालिकाबाट सञ्चालन गरिएको एम्बुलेन्सको खर्च व्यवस्थापनका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषमा जम्मा भएको रकमबाट उत्तरगया गाउँपालिका एम्बुलेन्स सन्चलन तथा व्यवस्थापन कोषमा रु. १०००००।०० (अक्षेरुपी एक लाख रुपया मात्र) रकम रमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ प्रस्ताव नं ३** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सन्चालन भएको कोभिड अस्पतालमा सेवा करारमा कार्यरत मेडिकल अधिकृत (डाक्टर) को विज्ञापनमा १ जनको दरखास्त परेको र अर्न्तवार्ताको लागी उपस्थित भई करार सम्झौताको लागि नआउने जानकारी गराइएकोमा उक्त पद रित्त रहेको हुदा कोभिड अस्पताल संचालनमा बाधा परेको हुदा कुनै मेडिकल अधिकृत (डाक्टर) सम्पर्कमा आएमा निजले तोकिएको सेवा सुविधमा सम्झौता गर्न सहमत भएमा तिन महिनाको लागि सोझै अस्थायी नियुक्ति गर्ने र निजलाई कोरोना जोखीम भत्ता वापत सुरु तलब स्केलको सत प्रतिशत रकम उपब्ध गराउने र उक्त रकम गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं ४ प्रस्ताव नं ४** माथि छलफल गर्दा, यस कार्यालयको स्टोरमा केही महत्वपूर्ण औषधीहरु सकिएको र कोभिडको कारण केहि औषधिहरु तत्कालै खरिद गर्नुपर्ने भएको साथै छिटो र गुणस्तरीय औषधिहरु तत्कालै खरिद गर्नु पर्ने भएको अवस्थालाई मध्यनजर गरी सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ८५ ,१(क) बमोजिम राष्ट्रिय स्तरको सामाचारपत्रमा सूचना प्रकाशन गरि तोकिएको बिक्री मुल्यमा संघिय सरकारबाट विनियोजन भएको औषधी खरिद, ढुवानी, रिप्याकिंग तथा वितरण बजेट शिर्षकबाट रु. ७,५०,०००।- (अक्षेरुपी सात लाख पचास हजार) रकम बराबरको औषधी खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ५ प्रस्ताव नं ५** माथि छलफल गर्दा, यस गाउँपालिकाबाट तयार गरिएको बस्तुस्थिति विवरणको software तत्कालीन अवस्थामा निशुल्क लिएता पनि हाल उक्त Software Renew गर्नु पर्ने साथै Renew गर्न रु. ४०,०००।००( अक्षेरुपी चालीस हजार मात्र) आवश्यक पर्ने भएकोले परामर्श शिर्षकबाट रु. चालीसहजार भुक्तानी गरि software renew कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६ प्रस्ताव नं ६** माथि छलफल गर्दा, यस कार्यालय अन्तर्गत प्राविधिक सेवा तर्फ हाल कार्यरत इन्जिनियर श्री रामबावु यादब उमेर हदका कारण २०७७ पौष २० गतेबाट अनिवार्य अवकाश हुने भएकाले अवकास पछि रिक्त हुन आउने उक्त पद पदपूर्ति गर्नको लागि सम्मानित बागमती प्रदेश, लोकसेवा आयोगमा अनुरोध गरी तपसिल बमोजिमको उक्त पदको माग आकृति फाराम भरी लेखि पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.स | माग पदको नाम | पदको तह | सेवा/समुह | स्थायी/अस्थायी | आवश्यक माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | (६) छैठौं | इन्जि/सिभिल | स्थायी | १ जना | |

**निर्णय नं ७ प्रस्ताव नं ७** माथि छलफल गर्दा, उत्तरगया गाउँपालिका वडा नं.४ अन्तर्गतका विभिन्न स्थानहरुमा वर्षातको कारण सार्वजनिक बाटो भत्किएर सार्वजनिक यातायातहरु आवतजावत गर्न नसक्ने भएकोले बाटो सफा गरी यातातात सञ्चालन गर्न रु.२,१६,२३३।० (अक्षेरुपी दुई लाख सोह्र हजार दुई सय तेत्तीस रुपैया मात्र) रकम विनियोजन गरिएकोमा, लागत स्टिमेट भन्दा बढि रु. ५०,०००।०० (अक्षेरुपी पचासहजार रुपया मात्र )को कार्य सम्पन्न भएकोले उक्त रकम भुक्तानी गर्न यस गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट थप रु.५०,०००।०० (अक्षेरुपी पचासहजार रुपया मात्र ) गरी जम्मा २,६६,२३३।०० (

Scanned by CamScanner

अक्षेरुपी दुई लाख छइछठ्ठी हजार दुई सय तेत्तीस रुपया मात्र) सम्म प्राविधिक मुल्याङ्कनको आधारमा खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८ प्रस्ताव नं ८** माथि छलफल गर्दा, धार्ने खोला तथा काभ्रे खोला झोलुङ्गे पुल बहुवर्षे योजना अर्न्तगत यस आ.व.मा रु. २०,००,०००।०० (अक्षेरुपी विस लाख रुपयौ मात्र) विनियोजन भएकोमा,काभ्रे खोलाको झोलुङ्गे पुलको निमार्ण कार्य गत आ.व.मा नै सम्पन्न भई सकेको तर गत आ.व. मा बजेटको व्यवस्था नभएको कारण भुक्तानी हुन नसकेको सन्दर्भमा, यस आ.व.मा संघीय सरकारबाट विनियोजन भएको बजेट रु. २०,००,०००।– (अक्षेरुपी विस लाख रुपयौ मात्र) मध्येबाट प्राविधिकले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुत्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९ प्रस्ताव नं ९** माथि छलफल गर्दा, प्रधामन्त्री रोजगार कार्यक्रम आ.ब २०७७।०७८ को कामका लागि पारिश्रमिकमा आधारीत कार्यक्रमको शसर्त अनुदानको रकम वडा बाट माग भई आएका आयोजनामा रित पुर्वक निवेदन प्राप्त भई EMIS मा इन्ट्रि गरिएको बेरोजगार व्यक्तिलाई वडा सँग आवश्यक समन्वय गरि प्राथमिकिकरणका आधारमा विपन्न श्रमिकलाई कामका खटाउने निर्णय गरियो ।

**निर्णय नं १० प्रस्ताव नं १०** माथि छलफल गर्दा, हाल विधालयहरुको पुनः सञ्चालन गर्ने प्रक्रिया प्रारम्भ भइरहेको सन्दर्भमा क्वारीन्टीन, आइसोलेसन सेन्टर बनेको विधालयहरुको निसक्रमणीकरण र पुनः सञ्चालनको अवस्था पहिचान गरि केन्द्रको संलग्न ढाँचा अनुसारको विवरण पठाउने निर्णय गरियो ।

**निर्णयन नं.११. प्रस्तावन नं ११** माथी छलफल गर्दा कोभिड १९ को कारण गत चैत्र ११ गते देखी पूर्णरुपमा बन्द रहि अंशिक रुपमा संचालनको प्रयास साथै आंशिक तथा वैकल्पिक माध्यम बाट विद्यालयहरुमा सिकाई सहजीकरण गरिएको भएतापनि मन्त्रि स्तरिय निर्णय बाट शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयले मिति २०७७।०७।२० विद्यालय सञ्चालन सम्वन्धि कार्यढाँचा २०७७ जारी गरी कार्यान्वयनमा आई सकेकाले सो कार्यान्वयनका लागि यस गाउँपालिकाका विद्यालयहरु क्रमश यसै कार्यढाँचा अनुसार सञ्चालनमा आई रहेकाले पूर्णरुपमा स्वास्थ्य मापदण्ड र सामाजिक दुरी कायम गर्दै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ वडा कार्यालय, सम्बन्धित वडाको स्वास्थ्यको प्रतिनिधि संग छलफलगरी प्रभाब मुल्याङ्कन गर्दै विद्यालय सञ्चालन गर्ने निर्णय गरियो । संक्रमणको जोखिम देखिएमा तत्कालै निर्णय गरी विद्यालय बन्द तथा सञ्चालनको लागि योजना बनाएर अगाडी बढ्न सक्ने निर्णय गरियो ।

**निर्णय नं.१२. प्रस्तावन नं १२** माथी छलफल गर्दा आ.व २०७७।०७८ को शिक्षा तर्फ शशर्त अनुदा शिर्षक अन्तरगत शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानमा विनियोजित रु.२००९०००। (अक्षेरुपी वीस लाख नौ हजार रुपैया मात्र) बाट विद्यालय हरुलाई आवश्यक कार्यक्रम छनौट गरी सञ्चालन गर्न गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा लाई कार्य आगाडी बढाउने निर्देशन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. १३. प्रस्ताव नं १३ माथी छलफल गर्दा आ.व २०७७।०७८ मा विद्यालयका बालबालिका लागि शर्शत अनुदान तर्फ प्राप्त दिवा खाजा कार्यक्रम कोभिड १९ का कारण विद्यालय बन्द रहेकोमा विद्यालय सञ्चाल भएपछि दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं १४.प्रस्ताव नं १४ माथी छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहले कार्तिक मसान्त भित्र दरबन्दि मिलान गरिसक्नु पर्ने परिपत्र गरेकोमा र खुद पुलमा जाने शिक्षकहरुको तलब भत्ता समेत रकम विनियोजित नगरेको हुदा सो सम्बन्धि कार्यलाइ अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १५.प्रस्ताव नं १५ माथी छलफल गर्दा आ.व २०७७।७८ मा समानिकरणको शिक्षा तर्फ विनियोजित गरिएको रकमबाट रादिएको विद्यालयलाई स्मार्ट टि.भि,ल्यापटपनेट सहितको कक्षा सञ्चालन, सिसि क्यामरा जडान,गर्ने तथा आइसिटी सँग सम्बन्धीत सम्पुर्ण कार्यलाई अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. १६ प्रस्ताव नं १६ माथि छलफल गर्दा उत्तरगया गाउँपलिकाका प्राथमिक विद्यालयहरु मध्ये २ वटा विद्यालयमा मिनि फनपार्क बनाउने कार्यक्रम प्रक्रियागत रुपमा अगाडी वढाउने निर्णय गरियो । साथै जग्गाको उपलब्धता,विद्यार्थीको संख्या कम्तिमा २५ भन्दा बढी भएको तथा शिक्षक,अभिभावकको प्रतिवद्धता लाई मध्यय नजर गर्दै कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं १७.प्रस्ताव नं १७ माथी छलफल गर्दा आ.व २०७७।७८ मा समानिकरणको शिक्षा तर्फ विनियोजित गरिएको रकमबाट हाल लाई विद्यालयको लेखाप्रणालि व्यवस्थापन(सफ्टवेयर) जडान कार्यको लागि यसगाउँपालिकाका सम्पूर्ण माध्यमिक विद्यालय छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं १८. प्रस्ताव नं १८ माथी छलफल गर्दा आ.व २०७७।७८ मा समानिकरणको एक विद्यालय एक थर्मलगन , विद्यालाइ डिसइन्फेक्सन सोलुसन र स्प्रे पम्प, विद्यालयलाई डिस्पेन्सर वितरण गर्न शिक्षा तर्फ विनियोजित गरिएको रकमबाट यी सवै स्वास्थ्य मपदण्ड पुरागर्न आवस्यक अन्य सामाग्री समेत खरिद गर्ने सक्नेगरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं १९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा विजी निर्माण सेवा र घ्यान्सालिङ् कन्सट्रक्सनले 'घ' वर्गको इजाजत पत्र पाउँ भनि निवेदनका साथ पेश गरेको कागजात उपर इजाजतपत्र छानविन तथा जाँचवुझ समितीको सिफारीस अनुसार 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २० प्रस्ताव नं. २० माथि छलफल गर्दा विभिन्न समयमा बाढी पहिरोबाट क्षति भएको खानेपानी पाइपको भुक्तानी विपत् व्यवस्थापन कोषबाट ५१०००।०० (अक्षेरुपी एकाउन्न हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned by CamScanner